# ऐतिहासिक पत्रस्तम्भ

[वि. सं. २०३२ कार्तिकमा सेती महाकाली अञ्चलको ऐतिहासिक सर्वेक्षण भ्रमणमा श्री शङ्करमान राजवंशीले पढी ल्याउनु भएका केही अभिलेखहरूको उतार पाठ क्रमशः तल दिइन्छ —सम्पादक]

डोटो शिलगढी शैलेश्वरी मन्दिर अगाडिको घण्टाभिलेख

(१)

श्री शाके १८२७ मा डोटि वुढानि गाउँ वस्ने अनिरूद्र पनेरुले श्री इष्टदेवता सिलदेवी– चढाएको घंटा धार्नि ८......मिति......

(२)

श्री शिलादेवी पृतये डीठा रघुनाथ उपाध्यायेले चढायाको श्री शाके १८३९ श्रो सम्वत् १९७४ साल मिति चैत्र सुदि ८ रोज शुभम् जेठे सुठे सुनारले वनायाको

(३)

४१ साल आश्विन शुदि ८ रोज ७ श्री शिलादेवी पृति गरी डिठ्ठा वक्तवार वस्न्यात क्षेत्रिले चह्रायाको घंटा

(४)

श्री शाके १८४५ सम्वत् १९८० कातिक सुदि १५ रोज ६ मा डोटी रुपाल रंचुलाका काशिराम विरभद्र कृष्ण दत्त मु. वासुदेव जोसीले श्री सिलादेवीलाई पृति गरी अर्पण गरेको घन्टा शुभम्

(५)

स्वस्ति श्री सम्वत् १८९५ साल मिति वैशाष सुदी ३ रोज ७ मा श्री २ सिलदेखि प्रिति गरि सुवार नरनमस्त साहा धनदेवीले चढायाको घंट हो शुभम

(६)

शिलगढी इन्द्रचोक शिवमन्दिरको घन्टाभिलेख

सम्वत् १९०८ साल मिति वैशाख शुक्ल ३ रोज १ मा श्री शिवप्रीति गरि श्री काजी कुलमान् सिह्म वस्न्यातले चह्रायाको घन्ट हो शुभम्

(७)

शैलेश्वरी मन्दिरको घन्टाभिलेख

सम्वत् १९४३ साल कार्तीकशुदि १३ रोजमा श्री सहिलेश्वरि माइप्रीती गरि सीलगढि षलंगा वस्न्या माहान्त चुनाराले चढायाका घन्टा

(८)

श्री शाके सम्वत् १९६९ साल मिति कार्तिक शुदि २५ रोज १ मा जिल्लै चौकि सिलगढि षलंगा वस्ने साहु हर्कमानको जिल्लै थलारा दौडरामध्ये मेलमा गाउँ वस्ने

कालु वोगटी जाना २ ले मित्यारि लगाउंदा श्री शैले शोरि देवीलाई चढायाको घन्टा शुभम्

(९)

श्री चन्दनाद्रिशिखरस्थित शंभूरूपाप्रीत्यै शराद्रिनवभू १९७५ मित विक्रमाव्दे श्रीशारदीय नवरात्रि शिवस्य भानो वारे तिथौ सुसमये सुमुहूर्त ये श्री शैलेश्वरी नेपाल राज्यान्तरपूर्व लमजुंग्रामोद्भव श्री रघुनाथ नाम्ना डिट्टतिमानोल्लासितेन घंटार्पितेयं द्विजवर्यकेण

(१०)

श्री शैलेश्वरी प्रीति गरि शैरण नेपाल भादगाउबाट आई सिलगढि मल्लो वजारवस्ने साहु राजमान श्रेष्ट याछे आफ्ना छोराछारि नाति नतिनाका जयेक वस भनि चढायाको घंटा इति सम्वत् १९७५ साल सुदी ५ गते २३ वार ४ मा शुभम्

## शिलगढी देवीधाराको अभिलेख

श्री शैलेश्वरी देवी (१)

श्री शाके १८३२ सम्वत् १९६७ साल भाद्र शुदि ९ रोज २ मा नैपाल सहर भादगाउँवाट आई डोटी सिलगढि वजार वस्न्या फौजदार गन्ना रापेठा पौत्र राइटर हर्क नारायेण जेष्ट पुत्र साहु दीर्घनारायण श्रेष्ठले धर्मभक्ति निमित्त ...१...प्रीतये गरी वनायाको देवी धारा शुभम्

राजस्तुति । आशावरि ॥

भक्तिपूर्वक वनाये श्री देवी धारा ।
पूर्वाङ्गविधिसे पूजन कियो गणपति ब्राह्मणद्वारा
सम्वत् उन्निस सौ सतसत भाद्र अश्वईशदिनचन्द्रवारा
नवमी शुक्लमूल नक्षत्र कुभलगनमें सारा
सर्व औषधि सप्तमृत्तिका गंगाजल पंचरत्नद्वारा
वास्तु लगाई स्तुति कि ओ हे जगदम्बिके दारा
तिन त्रिलोकि शैलेश्वरि देवि नमो नमो येति हजारा
सिलगडिवासी दीर्घनारायण हुँ मै दास तुमारा
येह लोक मेरि सुफल नीसानि परलोकराज्ये उगारा
श्री देवी धारा

## शिलगढी रानीधाराको अभिलेख

स्वस्ति श्री मद्राज कुमार कुमारात्मज श्रीलेफ्टिनेन्ट कर्नैल... विक्रम वाहादुर राणावहादुर संवत् १९५१ साल आश्विन वदि ७ रोज ६ मा आफ्ना जेठा रानी स्वर्ग भयो ...रानीका निमित्त संवत् १९५२ सालमा बनेको धारा शुभम्

## शिलगढी रानीधाराको अभिलेख

श्रीगणेशाय नमः आसीन्नेपालदेशे नृपकुलजनितः खड्गवाहादुराख्यः
खड्गै नष्टोवसिष्टो विशदि शिविगतः सन्तु सद्यो हि यस्य ।१।
तज्जनि जगवहादुर इति विदितप्राय-नेपालराज्ये
साहायेनास्यपूर्व कुलजवसतिः श्री चितौर-गढे भूत् ।
श्री खड्गवहादुरतश्च तस्माव्दभूव महार्णवरत्नाभिशाली
तेजोभिरापूगदिनेतरत्वाच्छ्रीतेजवाहादुर नामशाली ।।२।।
श्रीमच्चीनपुरी हिमालयतटैर्य दुर्गमास्त्युत्तरैः
मर्त्यो यमगतो निवर्तति यवैर्यस्याधिरायुर्नृपाः ।
मन्वन्तन्नृपलभमान महितो यद्गच्छता पद्धृतिः
कृत्वा येन सुशान्तकेन परता यत्कीर्तिशुभ्रा ह्यदक् ।।३।।
तस्माद् बभूव रणविक्रम संज्ञको यो
वाण्योपि पत्यसती रत्यधिकापि नाथ ।
नेपालदेशपतिना प्रसमीक्ष्य तस्य
श्रीचीनदेशपति संधसि तोषकेण ।।४।।
श्रीमत् वर्गसमानके नृपतिना संप्रेषितश्चीनके
गत्वा भूपतिना गिरीशपतिना यत्राधिराजाविराट् ।
सख्यं नेन चकार तस्य सुगुणैः प्रीतश्चः तस्मान्महत्

माने चीन सपूर्वंवंक्षितिपति सलक्ष्यवान्
श्रीयुतम् ।।५।
नेपालराज्ञः सुमहत् प्रशस्ति तिस्तार्यं
तस्माच्च महत्तमानं
लव्ध्वा द्विवारे हि परावृतो सौ नेपालदेशे
निजराजधान्यां ।
यो विद्वेषाधिकारे नृपसुखतुलितराजराजा
च तस्मात्
संप्राप्योत्रागतोसौ वहुगुणसुयुत स्त्री समेत
.. पमध्या ।।
तत्पत्नी या नपतिसमगुण संधता श्रीपिति
कुमती
लक्ष्मीतुल्यसुरूपा प्रथमवयसि नमपविताय
तस्या
भूपं चाङ्क हिमालतुल्यसपद श्रीविक्रमसौ
सा श्री सीताजलमध्यगस्यसुमहो योगेश्वर-
स्याग्रतः ।।
प्राणः स्वर्ग तत्पराशरद्दतौ तन्निर्मिता धारा
जीवनजानुकटय सुहितसंजीवनं प्रापताम् ।।
श्रीमच्च...............पारोसौ.........संज्ञकः
अत्रत्यान् मनुना सर्वान् संप्रार्थयति सः
जयति .....सकल ज—...करणा
......वै विधिसुवहुधोपि सुविहित ।।
भवद्भि संसेव्या परकृतिगुणाकर्षनिपुणैः
सदा रक्षा कार्या परकृतिसु तद्धर्मनिपुणैः ।
निर्माणमस्या द्विजपङ्क भूमिते विक्रमार्कस्य
शके मधौ
सिते पक्षे तिथौ श्री गुरुपुष्ययोगे योगेषु.....

## शैलेश्वरी मन्दिर अगाडि मुक्तिपौवाको अभिलेख

श्री सम्वत् १९८३ सालमा श्री ले. क. वाहादुर सम्सेर जङ्गवाहादुर राणाका श्रीनानी धर्मकुमारी देवीले श्री परमेश्वरीप्रीयते अर्पण गरि चढायाको मुक्तिपौवा

## शैलेश्वरी भण्डारमा रहेको तामाको भाडाको अभिलेख

स्वस्ति श्री गणेशाय नमः ।। साल ८५ मा सिलगढी षर्लगाभित्र उषाल पषालको माहामारी रोग आउदामा श्रीचौतरिया जानसाह श्रीकपदान नरभंजन साहि श्रीलक्ष्य-वीर साहि श्री सुव्वा पूर्णचन्द्रसाहि वरषपल्टनका पगरि लगायत रणसादल कंपनिका साहा रहन्या जागिऱ्या ढाक्र्या लाजिमा वजारि गैह्रले रोगशांति निमित्त श्री चौतरिया जानसाहा मार्फत अक्षता भिजउन्या उभका तोला १२२। ५।। पूजाको पलिया तोला १०।१ चंदनषेरितोला ५ श्री शिलदेवीलाइ चह्रायाको येस्मा जस्को लोभानि पापानि गरि मास्नामा पस्ला उस्लाई पंच महापातक लाग्ला ।

## शैलेश्वरी भण्डारमा रहेको चाँदीको छातामा लेखिएको अभिलेख

श्री शाके १८११ मा श्रीलादेवीको छाता १ के तोला २४३

## डोटी शिलगढी कोतव्यारेकमा रहेका पुराना तोपहरूमा लेखिएका अभिलेख

३ नं. तोपमा—

स्वस्ति श्री सम्वत् १८७४ साल वैशाखवदि १२ रोज १ शुभम्

२ नं. तोपमा

स्वस्ति सम्वत् १८५४ साल श्री श्रीं श्री महाराजे रण-वहादुर शाह वहादुर सम्सेरजङ्गको तोप मार्फत् कोकिल षवास श्री देवीदत्त कम्पनी तोप १

६. नं. तोपमा

स्वस्ति श्री सम्वत् १८७४ साल वैशाष वदि ३ रोज ६ शुभम्

## डोटी शिलगढी कोतव्यारेक कालीजंग गुल्मको घरको भित्तामा रहेको शिलालेख

स्वस्ति श्री शाके १७६६ सम्वत् १९०१ साल मिति माघ शुदि ५ रोज ३ मा श्री म चौतरिया दक्षसाहको पालामा पटामिनी समेतको तयारी वन्याको हवेली हो शुभम्

## डोटी कोतव्यारेक गोरखनाथ अगाडिको शिलालेख

स्वस्ति श्री सम्वत् १९०४ साल मिति भाद्रशुदि ५ रोज..... मा वन्याको वाटो हो

## शैलेश्वरी मन्दिर अगाडिको त्रिशूलको अभिलेख

श्री मद्राजकुमार सूनुततयो नेपालदेशे भव–
त्कंम्याण्डर इनचीफलब्धपदविः श्रीधीरसम्सेरकः।।
तस्यासन्तनया अनल्पविभवास्तेषां द्वितीयः कृती
पृन्सप्राप्तपदोधिभूगुणिवरः श्रीखड्गसम्सेरकः ।।१।।
तज्जः श्रीकरणैल धन्य इहवाहादूरसम्सेरकः
श्रीकाली भुवनेश्वरी भगवती शैलेश्वरी प्रीतये ।।
वैक्रम्ये रसशास्त्ररत्नकुमिते ऽ ब्दे भूततिथ्यां सिते
हैमं वाहुलके समर्पमकरोच्छूलं सुभक्तयायुधग् ।२।
शुभम्

## डोटी दिपायल दिलीपेश्वरमठको भाडावर्तनको

चाँदीको छतको अभिलेख–

श्री हरिलाल भट्टकी श्रीलक्ष्मी कुमारीले श्री दिव्येश्वरीलाई चढायेको सम्वत् १९७९ साल चैत्र-वार ६

चाँदीको डव्वाको अभिलेख–

सम्वत् १९४५ साल चैत्रसुदि ११ रोज ६ मा वस्ने मन्सुवनाथ माताले चह्रायाको

ताँवाको पत्रेथालीको अभिलेख–

श्रीसाके १६९० श्री महाराजा किस्नसाही देव ज्यूले श्री भुवनेश्वर नाथ पीरज्यूका पत्र वनाइया पं डोडिभनर

चाँदीको नागको अभिलेख–

श्रीदिलीपेश्वर महादेव ३२ सालमा वालापिर देवनाथले पिथी गरि चडायको नाग चाँदीतोला १ सुनमासा १

## डोटी वैजनाथ मन्दिरको गाग्रोको अभिलेख

श्री शाके १७४६ सम्वत् १८८१ साल माघ वदि ५ रोज १ मा श्री वैजनाथ श्री सदाशिवका थानमा जलधारा गर्नानिमित्ये श्री चौतरिया पुष्कर शाहले चह्रायाको गाग्रो हो शुभम्

## वझाङकोट भैरवमन्दिरको घण्टाभिलेख

(१)

स्वस्ति श्री संवत् १९३५ साल वैसाष सुदी ३ रोजका दीन श्री राजा विक्रम वाहादुर सिंहबाट श्री भैरवदेवताप्रीति गरी चढाइवक्स्याको घंट १ के धार्नी... यसमा जस्ले लोभानि पापानि गर्ला त्यसलाई पञ्चमहापातक लाग्ला शुभम् कालीगर वेखामुनि ओटुटोल

(२)

स्वस्ति श्री हिमवत् पर्वतैक देशे बजांग निकटे वझाङ्ग नाम्नि नगर्यां चन्द्रवंशोद्भव श्रीमहाराजाधिराज श्रीजगतिसिंहदेवात्मज श्रीसमुद्रसिंह देवेन स्वस्तिश्री विक्रमादित्य राज्यातीत सम्वत् १८६२ श्रीशालिवाहन नृपति गतशाके १७२७ सौरमानेन फाल्गुन दिन १७ गते चान्द्रमानेन फाल्गुन शुक्लाष्टम्यां रोहिणी नक्षत्रे विस्कंभयोगे बुधवासरे ...... काम मोक्षार्थं सैष घण्टा श्री वटुक भैरव प्रीतये तुभ्यमहं ददे ।

## अछाम षोडशा भगवती मन्दिरको अभिलेख

१ श्रीगणेशाय नम ।। ब्रह्माणी गिरिजालक्ष्मि वाणी वंध विभूतयेत ।। ।।
२ श्रीसाके १८१४ सम्वत् १९४९ सालफागुणशुक्ल १० रोज ७ मा
३ श्रीइष्टसोडसादेविपृति उत्तरोत्तरबृद्धि निमित्त गगन गिरीराज्ये
४ त्यादि श्री राजा दलवहादुरसाइ ब्रह्मषुसंगृहितृ सपत्निः ममः नंद
५ कुमारीदेविले यो देवालये गजुर वनाई चह्रायाको छ हाम्रा श्रीराजा

६ लगायेत् सन्तान् दरसन्तान् प्रज्यान्त जसले यो देवालये भत्क्या वि
७ ग्रेको वनाइ रक्षा गर्ला तेस प्रति इष्टमाताको सुदृष्टि नैपुन्ने मि
८ लोस् ।। सत्रुनापि कृतो धर्मं पालनियो प्रयेत्नतः ।। सत्रुरेवहि स
९ त्रुना धर्मसत्रु नकस्येचित् ।।१।। नमानि सतगुणं सा ता प्रतक्षसि
१० वरूपिणिः ।। सिरसां योग पिठत्वा भक्तिकामार्थ-सिद्धये ।।२।।
११ शुभम् ।। ।।

## डडेलधुरा अजयमेरहाटको वीरखम्बको अभिलेख

ॐ स्वस्तिश्री शाके १३०६ समये ।। माघमामे ।। श्री राजाधिराज नागमल्लराज्ये ।। सिवाद सउधिका वेटाको गरपं भषलु दसउ दिसा गल देइ सतिः कालु सुनाहारको कियो विरषंभ

## अजयमेरहाटको अभिलेख

ॐ स्वस्ति श्री राजानिरैपाल कि दोस्ति इतः राम भडारिकि पाइ पला ४ निलोरिका पला ३ चुटिका पला २ दानकोटका पला २ निबुराका सर्व श्राद्धि विवर्जित के दोलकाल सो भाषा घल

## अजयमेरहाट देवलको अभिलेख

श्री राजा निरय
पालको देवल

## डडेलधुरा जिजोडागाउँको नाउलीको अभिलेख

श्री शाके १६२४ हरिकेश भटीज्यू

## डडेलधुरा खलंगा कालिका स्थानको घण्टाभिलेख

(१)

स्वस्ति श्री गिरीराज्येत्यादी श्री श्री राजकुमार कप्तान विरजंग वहादुरसिंह कर्णेलबाट श्रीकालिका देवि प्रीति अर्पण गरी वक्सेको घंटा श्री सम्वत् १९७२ साल कार्तिक शुक्ल १५ मार्ग ६ गते शुभम्

(२)

श्री श्री श्री कालिकादेवीप्रीतयेः श्रीकप्तान कुंवरसिंह वस्न्यात क्षेत्रीले चढायाको सम्वत् १९४४ साल मिति फाल्गुण शुदि १२ रोज ६ शुभम् ।।

## डडेलधुरा खलंगा कालिकास्थानको घण्टाभिलेख

(३)

सम्वत् १९६५ सालमीति जेष्ठ १२ गते वार १ मा डोटि डडेलधुरा वस्न्या अँटं उंधवसीं विष्ट छेत्रीले श्री कालिकादेवतालाई आफ्ना इछ्याप्रणले चडायाको घंटा

## डडेलधुराखलंगा कालिका देवीको छाताको अभिलेख

१ श्रीरस्तु श्रोकालिकातटे ग्रामोनामा कापतोलाभिधे ।। नारायण चंद्रश्यो भोगान्मोल्कागतो दिविव मनोहर-स्तस्य पुत्र शीलौदाय गुणान्वितः तत्सुतो मदन श्चासी नरमय
२ नसुहृदागुणै २ तत्पुत्रो मतिमान् नरेश हितकृन्नाम्ना महाविरसाह् सुधेतिपदं प्रमाण कुसुल पृथ्व्या रूद्रीवा-धिपति तेनेदं चरणांवुजे निश दीन प्रीतिपदं कालिका देव्या छत्रमतीव सुंदरतरं तर्यापित ताम्रकं ३ शसि-शर निधि
३ चंद्र हायने सुक्लपक्षे रवौ दीने पुसमासे चाष्टमी कालिका ख्या सुकृत सुनवि वृध्यै कीर्ति मे जन्मनी स्यात् भुवनु जननना सं कालिकाया प्रसादात्

## डडेलधुरा खलंगा कालिकास्थानको शिलालेख

श्री १
श्री ३ कालिका देवि १ श्री ३ भैरवदेवता २

स्वस्ति श्री सम्वत् ९९४४ साल फाल्गुणशुदि १२ रोज ६ मा –१– का मन्दीर घन्ट –२– का मन्दीर घन्ट र

चौगिर्दा पर्षाल र तेस वाहिरका डाडा मारिचहुर सो चहुरको गिर्दामा रूषहरू लायाको र सटक इत्यादि स्मेत् –१– र –२– पृतये गरि गैह्र बनायाको श्री कपतान कुंवरसिह वस्न्यात छेत्रिले हो येस्किर्तिमा पछि विग्रे भत्केको ठाउँ ठाउँमा जसले वनावस् –१– र –२– ले येस जन्ममा पुर्ण र पर जन्म मुक्ति गर्लान् कसैले भत्कायो विगाऱ्यो भन्या पञ्चमाहापातक लाग्ला शुभम्

## डडेलधुरा पुइलेक पञ्चायत वडा नं ३ सिलिगे गाउंको धर्मशालाको शिलालेख

श्री

श्री स्वोर्ग          श्री नारां

श्रो स्वर्गवासी वहीदारस्यांभडारी भू वैंडाजन्म श्री स्वोर्गवासी दाजी सौन्मनधीर भडारी क्षेत्रीको स्वोर्गवास हवास भन्ना निमिते भाइ वाहादुर भडारी क्षत्रीले वनायाको धर्मसाला श्री सम्वत् १९८८ साल वैशाष २५ गते वारे ५ शुम्भ–कल्याण

## डडेलधुरा पुइलेक पंचायत वडा नं ३ सिलिगे गाउँको भत्केको धर्मशालाको शिलालेख

श्री १

श्री स्वर्ग          श्री नारां

१          २

श्री डडेलधुराल्थानै श्री स्वर्गवासि श्री दाजैज्यू सुवेदार सरूपसि विष्ट क्षेत्रिको –१– वास हवास भन्ना निमित्त –२– प्रिति गरि भाइ सुवेदार केसवसि उद्धवसि पुत्र तेज-वहादुर विष्ट क्षेत्रिले वनायाको धर्मसाला १ सं० ०६६ सालमा